सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष १० ♦ अंक १० ♦ २०८३ साल असोज २२ विहिवार ♦ 8 Oct 2026♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY
CURRENT ACCOUNT • 2337087445300018

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

## कांग्रेसको नयाँ नेतृत्व चयनका लागि बिहीबार बिहान १० बजेदेखि मतदान

**खबर दर्पण समाचारदाता**

**असोज २१ गते, बर्दिवास**




नेपाली कांग्रेसको १५औं महाधिवेशन अन्तर्गत कार्यसमिति चयनका लागि बिहीबार बिहान १० बजेदेखि मतदान हुने भएको छ ।

महाधिवेशनमा सहभागी ७ हजार २५५ प्रतिनिधिले कांग्रेसको आगामी नेतृत्व चयनका लागि मतदान गर्ने भएका छन् ।

केन्द्रीय निर्वाचन समितिका संयोजक एवं वरिष्ठ अधिवक्ता प्रेमबहादुर खड्काले बिहीबार बिहान ७ बजेदेखि मतदान गर्ने कार्यक्रम यसअघि सार्वजनिक गरिएको भए पनि वर्षा र केही प्राविधिक कारणले तीन घण्टा ढिला गरी सुरू गर्न लागिएको जानकारी दिनुभयो ।

उहाँका अनुसार मतदानका लागि काठमाडौंका तीन स्थानमा सात मतदान केन्द्र तोकिएको छ । प्रतिनिधिहरूको सहजताका लागि प्रदेश र प्रतिनिधित्वको आधारमा छुट्टाछुट्टै मतदान केन्द्रको व्यवस्था गरिएको हो ।

निर्वाचन समितिले राष्ट्रिय सभागृह, खुलामञ्च र प्रज्ञा भवनमा मतदान केन्द्र तोकेको छ । राष्ट्रिय सभागृहमा बागमती प्रदेशका प्रतिनिधिहरूले मतदान गर्ने व्यवस्था गरिएको छ । त्यसैगरी खुलामञ्चमा कोशी, मधेस, कर्णाली र सुदूरपश्चिम प्रदेशका प्रतिनिधिहरूले मतदान गर्नेछन् । भ्रातृ तथा शुभेच्छुक संस्था र जनसम्पर्क समितिबाट महाधिवेशन प्रतिनिधि बनेकाहरूका लागि पनि खुलामञ्चमै मतदान गर्ने व्यवस्था गरिएको निर्वाचन समितिले जनाएको छ ।

प्रज्ञा भवनमा गण्डकी र लुम्बिनी प्रदेशका प्रतिनिधिहरूका लागि मतदान केन्द्र तोकिएको छ । सम्बन्धित प्रदेश तथा समूहका प्रतिनिधिले तोकिएको मतदान केन्द्रमा पुगेर मतदान गर्नुपर्नेछ ।

मतदानका क्रममा प्रतिनिधिको परिचय तथा मतदाता नामावली रुजु गरेपछि मात्र मतदान गर्न पाउने व्यवस्था गरिएको छ ।

## चाडपर्व सुरक्षाका लागि मधेशमा ७ हजारभन्दा बढी प्रहरी परिचालन

**खबर दर्पण समाचारदाता**

**असोज २१ गते, बर्दिवास**

दशैं, तिहार र छठ पर्वलाई लक्षित गर्दै मधेश प्रदेशका आठवटै जिल्लामा ७ हजार २२९ प्रहरी परिचालन गरिने भएको छ ।

प्रदेश प्रहरीले असोज २९ गतेदेखि कात्तिक ३० गतेसम्म लागू हुने गरी विशेष चाडपर्व सुरक्षा योजना तयार गरेको हो ।

मधेश प्रदेश प्रहरी कार्यालयका अनुसार चाडपर्व अवधिभर १ हजार ५११ वटा ड्युटीमा प्रहरी परिचालन गरिनेछ ।

सबैभन्दा बढी धनुषामा १ हजार ५९९ र सबैभन्दा कम सिरहामा ६५१ प्रहरी खटाइनेछन् ।

त्यस्तै, पर्सामा ६६१, बारामा ८७०, रौतहटमा ८६३, सर्लाहीमा ७९२, महोत्तरीमा ७४७ र सप्तरीमा ८५७ प्रहरी परिचालन हुनेछन् ।

चाडपर्वका बेला सुरक्षा व्यवस्था प्रभावकारी बनाउन क्विक रेस्पोन्स टिम (क्यूआरटी), स्ट्राइकिङ टोली, ट्राफिक चेकिङ, मोबाइल तथा पैदल गस्ती र शंकास्पद क्षेत्रमा पिकेट परिचालन गरिने प्रहरीले जनाएको छ ।

राजमार्गमा स्कर्टिङ तथा यात्रु सहायता कक्ष सञ्चालन गर्ने तयारीसमेत गरिएको छ ।

सीमा क्षेत्रमा चोरी तथा तस्करी नियन्त्रण, धार्मिक तथा पर्यटकीय स्थलको सुरक्षा, बजार अनुगमन, कर्डन एन्ड सर्च तथा सभा, जुलुस र धर्नाका क्रममा आकस्मिक सुरक्षा व्यवस्थासमेत मिलाइनेछ ।

सीमा नाकामा यात्रु तथा सर्वसाधारणको सहायताका लागि हेल्प डेस्क पनि सञ्चालन गरिनेछ ।

सुरक्षा योजनाअनुसार विभिन्न नियमित ड्युटीमा मात्रै ५ हजार ४८१ प्रहरी परिचालन हुनेछन् ।

बाँकी जनशक्ति कमाण्ड पोस्ट, संयुक्त गस्ती, सादा पोशाकमा सूचना संकलन र आकस्मिक सुरक्षाका लागि परिचालन गरिनेछ ।

नेपाल भारत खुला सीमाका कारण चाडपर्वको समयमा मानिसको आवतजावत बढ्ने भएकाले तस्करी तथा अवैध सामान ओसारपसार नियन्त्रणलाई प्रहरीले प्राथमिकतामा राखेको छ ।

धार्मिक स्थलमा हुने भीडमा चोरी, लुटपाट तथा मानिस हराउने घटना रोक्न विशेष

*बाँकी पृष्ठ ३ मा*

## दसैं-तिहार- छठमा महोत्तरीको सुरक्षा कडा,एक हजार ३३१ सुरक्षाकर्मी परिचालन

**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**असोज २१ गते, महोत्तरी**



दशैं,तिहार तथा छठ पर्वलाई लक्षित गर्दै जिल्ला प्रशासन कार्यालय महोत्तरीले जिल्लाको सुरक्षा व्यवस्था कडा बनाएको छ ।

चाडपर्वका समयमा हुन सक्ने अवैध गतिविधि, चोरी-पैठारी, सवारी दुर्घटना तथा भीडभाडबाट उत्पन्न हुन सक्ने सुरक्षा चुनौतीलाई ध्यानमा राख्दै एकीकृत विशेष सुरक्षा योजना कार्यान्वयनमा ल्याइएको

*बाँकी पृष्ठ २ मा*



खबर दर्पण
राष्ट्रिय दैनिक



# दसैं-तिहार- छठमा महोत्तरीको सुरक्षा कडा.....................................

हो ।

जिल्ला प्रशासन कार्यालय महोत्तरीले मंगलबार आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा जिल्ला सुरक्षा समितिका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले चाडपर्व लक्षित एकीकृत विशेष सुरक्षा योजना सार्वजनिक गर्दै तत्काल कार्यान्वयनमा ल्याइएको जानकारी दिनुभयो ।उहाँका अनुसार योजनाअन्तर्गत नेपाल प्रहरीका ७४७ र सशस्त्र प्रहरी बल नेपाल नं. ९ गणका ५८४ गरी एक हजार ३३१ जना सुरक्षाकर्मी जिल्लाका विभिन्न स्थानमा परिचालन गरिएको छ ।

चाडपर्वका समयमा नेपाल-भारत सीमाबाट हुने अवैध आवतजावत तथा चोरी-पैठारी नियन्त्रणलाई सुरक्षा योजनामा प्राथमिकता दिइएको छ। सीमा क्षेत्रमा २४ घण्टा पिकेट, चेकपोइन्ट तथा संयुक्त गस्ती सञ्चालन गरिएको प्रजिअ यादवले बताउनुभयो । गैर कानुनी आवतजावत, अवैध पटाका तथा प्रतिबन्धित वस्तुको ओसारपसार नियन्त्रणका लागि सीमा क्षेत्रमा निगरानी बढाइएको छ ।

पूर्व-पश्चिम लोकमार्ग तथा जिल्लाका भित्री सडकमा आकस्मिक चेकिङ र मोबाइल गस्तीसमेत सञ्चालन गरिएको प्रशासनले जनाएको छ। बजार क्षेत्रमा सर्वसाधारणको चाप र आर्थिक कारोबार बढ्ने भएकाले बजार, बैंक तथा वित्तीय संस्थामा पैदल गस्ती र सादा पोसाकका सुरक्षाकर्मी परिचालन गरिएको छ ।

संवेदनशील क्षेत्रमा राष्ट्रिय अनुसन्धान विभागमार्फत सूचना सङ्कलन भइरहेको तथा आवश्यकताअनुसार नेपाली सेनासँग समेत समन्वय गरी रणनीतिक प्रतिष्ठानको सुरक्षा र स्कर्टिङलगायतका कार्यमा परिचालन गर्ने व्यवस्था मिलाइएको प्रशासनले जनाएको छ ।

चाडपर्वका समयमा घर फर्किने तथा बाहिर जाने यात्रुको सङ्ख्या बढ्ने भएकाले मुख्य बसपार्क र सीमानाकामा सहायता कक्ष तथा हेल्थ डेस्क सञ्चालनमा ल्याइएको छ। यात्राका क्रममा समस्या परेका नागरिकलाई आवश्यक सहयोग उपलब्ध गराउने र आकस्मिक स्वास्थ्य समस्या तत्काल सम्बोधन गर्ने व्यवस्था मिलाइएको प्रजिअ यादवले बताउनुभयो ।

दुर्गापूजा,मेला तथा मूर्ति विसर्जनका कार्यक्रमलाई व्यवस्थित बनाउन पूर्वस्वीकृत रुट तथा समयतालिका अनिवार्य रूपमा पालना गर्न प्रशासनले सम्बन्धित आयोजक तथा समितिलाई आग्रह गरेको छ । भीडभाडका कारण सडक अवरुद्ध हुने र सवारी आवागमन प्रभावित हुन सक्ने भएकाले निर्धारित मापदण्ड पालना गर्न आग्रह गरिएको हो ।

सम्भावित आगलागी,सडक दुर्घटना,डुबान तथा अन्य विपद्का घटनालाई ध्यानमा राख्दै स्थानीय तहका दमकल, एम्बुलेन्स तथा विपद् उद्धार टोलीलाई चौबिसै घण्टा तयारी अवस्थामा राखिएको प्रशासनले जनाएको छ। आकस्मिक घटना भएमा सुरक्षा निकाय, स्थानीय तह र उद्धार संयन्त्रबीच तत्काल समन्वय गरी उद्धार तथा राहत कार्य सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ ।

जिल्ला प्रशासनका अनुसार सुरक्षा योजनाको मुख्य उद्देश्य चाडपर्वका समयमा नागरिकको जीउधनको सुरक्षा, सामाजिक तथा साम्प्रदायिक सद्भाव कायम, सीमा क्षेत्रमा हुने अवैध गतिविधि नियन्त्रण, सवारी दुर्घटना न्यूनीकरण तथा यात्रु ठगी नियन्त्रण गर्नु रहेको छ । दैनिक उपभोग्य वस्तुको सहज आपूर्ति सुनिश्चित गर्न तथा कालोबजारी, कृत्रिम अभाव र अनुचित मूल्यवृद्धि नियन्त्रणका लागि सम्बन्धित निकायबीच समन्वयसमेत गरिने जनाइएको छ ।

प्रमुख जिल्ला अधिकारी यादवले चाडपर्वका नाममा गैरकानुनी गतिविधि नगर्न सर्वसाधारणलाई आग्रह गर्नुभएको छ ।

उहाँले अवैध पटाका, भुइँचम्पा तथा आतिशबाजीजन्य विस्फोटक पदार्थको प्रयोग तथा बिक्री-वितरण नगर्न, सडकमा डोरी टाँगेर जबर्जस्ती चन्दा नउठाउन, जुवातास नखेल्न तथा मदिरा सेवन गरी सार्वजनिक शान्ति भङ्ग नगर्न आग्रह गर्नुभयो ।

सामाजिक सञ्जालमार्फत साम्प्रदायिक विद्वेष फैलाउने, उत्तेजना सिर्जना गर्ने वा सामाजिक सद्भावमा खलल पुर्‍याउने गतिविधि नगर्नसमेत प्रशासनले अनुरोध गरेको छ ।चाडपर्वका समयमा सवारीसाधनको चाप बढ्ने भएकाले चालकलाई ट्राफिक नियम पूर्ण रूपमा पालना गर्न आग्रह गरिएको छ। मादक पदार्थ सेवन गरी सवारी चलाउने, तीव्र गतिमा सवारी चलाउने तथा अन्य ट्राफिक नियम उल्लङ्घन गर्ने कार्य नियन्त्रणका लागि सडकमा चेकिङ र निगरानी बढाइएको प्रशासनले जनाएको छ ।

प्रमुख जिल्ला अधिकारी यादवले चाडपर्वलाई शान्तिपूर्ण र सुरक्षित बनाउन सुरक्षा निकायसँगै नागरिकको पनि महत्वपूर्ण भूमिका हुने बताउनुभयो । जिल्लामा कुनै शङ्कास्पद गतिविधि, वस्तु वा व्यक्ति देखिए तत्काल नजिकको प्रहरी कार्यालयमा जानकारी गराउन उहाँले आग्रह गर्नुभयो ।

प्रशासनले आपत्कालीन सेवाका लागि प्रहरी कन्ट्रोल १००, विपद् सहायता १२३४, एम्बुलेन्स १०२ र दमकल १०१ मा सम्पर्क गर्न सर्वसाधारणलाई अनुरोध गरेको छ ।

जिल्ला सुरक्षा समितिले चाडपर्वका अवसरमा नागरिकले निर्भीक र सुरक्षित रूपमा पर्व मनाउन सक्ने वातावरण निर्माणका लागि सुरक्षा संयन्त्रलाई सक्रिय बनाइएको जनाएको छ ।

सुरक्षा योजना प्रभावकारी बनाउन सुरक्षा निकाय, स्थानीय तह, यातायात व्यवसायी, बजार व्यवस्थापन समिति, धार्मिक तथा सांस्कृतिक कार्यक्रम आयोजक र सर्वसाधारणबीच निरन्तर समन्वय आवश्यक रहेको प्रशासनले जनाएको छ ।

व्यक्तिगत घटना दर्ता व्यक्तिको कानूनी पहिचान र सार्वजनिक सेवा प्राप्तिको मुख्य आधार भएकोले घटना घटेको पैंतिस दिन भित्र सम्बन्धित स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा गई निःशुल्क रुपमा व्यक्तिगत घटना दर्ता गराऔं ।
साथै, व्यक्तिगत घटना दर्ता प्रमाणपत्रमा उल्लेखित नाम,थर, उमेर वा अन्य विवरण त्रुटी भएको वा फरम परेको भएमा एक पटक सच्याउन सकिने कानूनी व्यवस्था रहेको हुँदा सम्बन्धित व्यक्तिले स्थानीय पञ्चिकाधिकारीको कार्यालयमा गई नियमानुसार विवरण सच्याउन सूचित गरिन्छ।

महोत्तरी गाउँपापालिका
महोत्तरी

सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार

सम्सी गाउँपालिका, महोत्तरी

सर्पको टोकाइबाट बचौं र बचाऔं

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

सोनमा गाउँपालिका, महोत्तरी

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# चाडपर्व सुरक्षाका लागि मधेशमा....

निगरानी गरिनेछ।

छठका बेला घाटमा डुबान, डुब्ने तथा भीडजन्य दुर्घटनाको जोखिमलाई समेत सुरक्षा योजनामा समेटिएको छ।

धनुषामा भने भीडभाड हुने धार्मिक स्थलमा सञ्चालन गरिने रोटेपिङ झुलालाई लिएर प्रहरीले विशेष सतर्कता अपनाएको छ।

गत वर्ष राममन्दिर र राजदेवी मन्दिर परिसरमा रोटेपिङ झुला दुर्घटना हुँदा केही व्यक्ति सामान्य घाइते भएका थिए। सम्भावित जोखिमलाई मध्यनजर गर्दै यस वर्ष ती क्षेत्रमा रोटेपिङ सञ्चालनमा रोक लगाइएको प्रहरीले जनाएको छ।

दशैंमा घर फर्किने र तिहारपछि बढ्ने यात्रु चापका कारण सडक दुर्घटना तथा ट्राफिक जाम हुन सक्ने भन्दै राजमार्ग तथा मुख्य सडकमा समेत निगरानी बढाइनेछ।

प्रहरीले पटका तथा आतिसबाजीबाट हुन सक्ने आगलागी, जुवा तास तथा अवैध सट्टेबाजी, मदिरा सेवनबाट हुने झैझगडा, घरेलु हिंसा, पाकेटमारी, चोरी र लुटपाटलाई समेत चाडपर्व अवधिका प्रमुख सुरक्षा चुनौतीका रूपमा पहिचान गरेको छ।

सुनचाँदी पसल, बैंक तथा नगद कारोबार हुने स्थानमा चोरी तथा डकैती रोक्न विशेष सुरक्षा व्यवस्था गरिनेछ।

देउसीभैलो तथा सांस्कृतिक कार्यक्रमका कारण उत्पन्न हुन सक्ने रात्रिकालीन सुरक्षा चुनौती तथा धार्मिक कार्यक्रम र ध्वनि प्रयोगलाई लिएर हुन सक्ने स्थानीय विवादमा पनि प्रहरीले निगरानी राख्ने जनाएको छ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकको सुरक्षालाई प्राथमिकतामा राख्दै भीडमा हराउने तथा दुर्व्यवहार हुन सक्ने घटनाको रोकथाम गरिनेछ।

अवैध मदिरा, लागुऔषध तथा प्रतिबन्धित पदार्थको ओसारपसार, कालोबजारी, कृत्रिम अभाव र अस्वाभाविक मूल्यवृद्धिमाथि पनि निगरानी बढाइने प्रहरीले जनाएको छ।

सामाजिक सञ्जालमार्फत गलत सूचना तथा अफवाह फैलाएर सामाजिक तनाव सिर्जना हुन सक्ने भएकाले त्यसमाथि समेत निगरानी राखिनेछ।

आगलागी, विद्युत् सर्ट, भीडजन्य दुर्घटना तथा अन्य आकस्मिक विपद्का घटनामा तत्काल परिचालनका लागि विपद् प्रतिकार्य टोलीसमेत तयारी अवस्थामा राखिने प्रहरीले जनाएको छ।

# मधेशका शैक्षिक समस्या पहिचान गर्न विश्वविद्यालयलाई निर्देशन

**खबर दर्पण समाचारदाता**

**असोज २१ गते, जनकपुरधाम**

शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलले मधेश प्रदेशको शिक्षा क्षेत्रमा देखिएका समस्या पहिचान गरी समाधानका उपायसहितको प्रतिवेदन मन्त्रालयमा पेस गर्न राजर्षि जनक विश्वविद्यालयलाई निर्देशन दिएका छन्।

बुधबार आयोजित कार्यक्रममा बोल्दै मन्त्री पोखरेलले मधेशको शिक्षा क्षेत्रको अवस्था सुधार गर्न अध्ययन र अनुसन्धानलाई प्राथमिकता दिनुपर्ने बताए।

विश्वविद्यालयहरू पढाइमा मात्र सीमित नभई समाज र सम्बन्धित क्षेत्रका समस्या पहिचान तथा समाधानका लागि अनुसन्धानमा केन्द्रित हुनुपर्ने उनको भनाइ छ।

मन्त्री पोखरेलले मधेश प्रदेशका विद्यार्थी उच्च शिक्षाका लागि काठमाडौं जानुपर्ने बाध्यताको अन्त्य गर्न आवश्यक रहेको बताए।

शिक्षा ऐन निर्माणको प्रक्रिया अघि बढिरहेको उल्लेख गर्दै उनले मधेशको शिक्षा क्षेत्रमा रहेका समस्या, शिक्षाको गुणस्तर कमजोर हुनुका कारण तथा सुधारका सम्भावनाबारे अध्ययन गरेर मन्त्रालयमा प्रतिवेदन पेस गर्न विश्वविद्यालयलाई आग्रह गरे।

उनले उपलब्ध स्रोत, साधन र क्षमताको प्रभावकारी उपयोग गर्दै शिक्षा क्षेत्रको सुधारमा सबै पक्ष केन्द्रित हुनुपर्ने बताए।

नयाँ विश्वविद्यालय स्थापनाका लागि भवन निर्माणको प्रक्रिया समेत अघि बढिसकेको जानकारी दिँदै मन्त्री पोखरेलले शैक्षिक संस्थाहरूलाई अध्ययन, अनुसन्धान र गुणस्तरीय शिक्षाको केन्द्रका रूपमा विकास गर्नुपर्नेमा जोड दिए।

राजर्षि जनक विश्वविद्यालयले अन्य विश्वविद्यालयको स्तरमा पुग्न अझै थप मेहनत र सुधार आवश्यक रहेको पनि मन्त्री पोखरेलले बताए।

मधेशको शिक्षा क्षेत्रमा रहेका समस्या समाधान गर्न विश्वविद्यालयले अध्ययन तथा अनुसन्धानमार्फत ठोस सुझावसहितको प्रतिवेदन तयार पार्नुपर्ने उनको भनाइ थियो।


## सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

**सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार**

**बलवा नगरपालिका, महोत्तरी**

## सर्पको टोकाइबाट बचौं र बचाऔं

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

**औरही नगरपालिका, महोत्तरी**

मधेस प्रदेश सरकार
श्रम तथा यातायात मन्त्रालय
यातायात व्यवस्था कार्यालय
बर्दिवास महोत्तरी नेपाल

## सुचना सुचना सुचना

**समयमा सवारी कर तिरी ट्राफिक जरिवानाबाट बचौं। सभ्य नागरिकको परिचय दिऔं।**

**यातायात व्यवस्था कार्यालय, वर्दिवास, महोत्तरी**

## डेंगुबाट कसरी बच्ने?

- बाहुला भएको/शरीर ढाकिने लुगा लगाउने
- दिउँसो सुत्दा पनि झुल प्रयोग गर्ने।
- साना केटाकेटीलाई जुनसुकै समयमा झुलभित्र सुताउने।
- लामखुट्टे भगाउने मलहम दल्न पनि सकिन्छ।
- घरका झ्याल ढोकामा जाली लगाउने।

## डेंगुको उपचार के ?



डेंगु विरुद्धको कुनै औषधि नै बनेको छैन।

- डेंगु लाग्दा चिकित्सकको उच्च निगरानीमा बस्नुको विकल्प नै छैन।
- डेंगु लाग्दा मनलाग्दी औषधि सेवन गर्नुहुन्न।
- एन्टिबायोटिकको प्रयोग झनै घातक हुन सक्छ।

**जलेश्वर नगरपालिका, महोत्तरी**

## सचेत उपभोक्ता बनौं

**सामान खरिद गर्दा देहायका विषय एकिन गरौः**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैंकिङ माध्यमबाट भुक्तानी गरौं**

**भुक्तानी गरेको मूल्य बराबरको बिल लिऔं**

**गौशाला नगरपालिका, महोत्तरी**

## स्वच्छ शहरः स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-बिरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं।**

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

# महोत्तरीका १५ वटै पालिकाको चिनारी समेटिएको 'फूल फुल्यो बारैमास' गीत विमोचन



**खबर दर्पण समाचारदाता**

**असोज २१ गते, बर्दिवास**

महोत्तरी जिल्लाका १५ वटै पालिकाको चिनारी समेटिएको लोकदोहोरी गीत 'फूल फुल्यो बारैमास, माया भए आउ भेट्न सुटुक्क, महोत्तरी बर्दिबास' विमोचन गरिएको छ ।

गायक बेलबहादुर परियार र शारदा रसाइलीको स्वर रहेको गीतको शब्द तथा संगीत बेलबहादुर परियारको रहेको छ । गीतमा नारायण दङ्गालको एरेन्ज, कुमार सानु पुनको रेकर्डिङ तथा शङ्करा डिजिटल स्टुडियोको प्राविधिक सहकार्य रहेको छ ।

बर्दिबासस्थित विनायक होटलको सभाहलमा पत्रकार सम्मेलनसहित आयोजित कार्यक्रममा प्रोजेक्टरमार्फत गीतको भिडियो सार्वजनिक गरिएको हो । कार्यक्रममा बर्दिबास उद्योग वाणिज्य संघका कोषाध्यक्ष सुरेन्द्र लामा, नेपाल पत्रकार महासंघ नेपालका केन्द्रिय सदस्य राजकरण महतो, गायिका जमुना पोखरेल तथा गायक बेलबहादुर परियारले संयुक्त रूपमा गीत विमोचन गरेका थिए ।

गीतको भिडियोमा सुजता भट्टराई, अशोक लाखे, सरु श्रेष्ठ तथा विकास डान्स स्टुडियोको टोलीको अभिनय रहेको छ । भिडियोको निर्देशन विकास घिमिरेले गरेका छन् भने छायांकन तथा पोस्ट प्रोडक्सनको काम पिएस प्रोडक्सनले गरेको हो ।

महोत्तरी जिल्लालाई विभिन्न कोणबाट चिनाउने उद्देश्यले गीत सिर्जना गरिएको गायक परियारले बताए । गीत तथा भिडियोमा जिल्लाका प्राचीन पर्यटकीय तथा धार्मिक स्थल, मठमन्दिर, चुरे क्षेत्र, खोला-नाला तथा यहाँ बोलिने विभिन्न भाषा र संस्कृतिलाई समेटिएको उनको भनाइ छ ।

विशेषगरी महोत्तरीका १५ वटै पालिकाको नाम र पहिचानलाई गीत तथा भिडियोमार्फत प्रस्तुत गरिएकाले यसले जिल्लाको पर्यटन, कला, संस्कृति र स्थानीय पहिचान प्रवर्द्धनमा योगदान पुग्ने अपेक्षा गरिएको छ ।

गीत 'बेलबहादुर परियार अफिसियल' युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको छ ।

# मधेशका ११ जना अधिकृत र उपसचिवको सरूवा

**खबर दर्पण समाचारदाता**

**असोज २१ गते, बर्दिवास**

मधेश प्रदेश सरकारले प्रशासन समूहका ११ जना कर्मचारीको सरुवा, पदस्थापन तथा काज फिर्ता गरेको छ। प्रदेश सरकारको निर्णयानुसार उपसचिव तथा अधिकृतस्तरका कर्मचारीहरूको जिम्मेवारी हेरफेर गरिएको हो। सरुवा हुनेमा अधिकृत नवौं र उपसचिवदेखि अधिकृत सातौं तहका शाखा अधिकृतसम्म छन्। निर्णयअनुसार रोशनकुमार विश्वकर्मा अधिकृत नवौं र उपसचिवलाई उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयबाट सोही मन्त्रालय वा अन्तर्गत सरुवा गरिएको छ । यस्तै रञ्जिता साह अधिकृत नवौंरउपसचिवलाई प्रदेश नीति तथा योजना आयोगबाट प्रदेश लोक सेवा आयोगमा पठाइएको छ ।

धर्मेन्द्रलाल कर्ण अधिकृत दशौं र उपसचिवलाई खेलकुद तथा समाज कल्याण मन्त्रालयबाट प्रदेश नीति तथा योजना आयोगमा सरुवा गरिएको छ । गणेश गुप्ता झा अधिकृत दशौं र उपसचिवलाई प्रदेश लोक सेवा आयोगबाट खेलकुद तथा समाज कल्याण मन्त्रालयमा पठाइएको छ ।

त्यसैगरी राजेशकुमार मिश्र अधिकृत दशौं र उपसचिवलाई स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट प्रदेश जनलोकपाल आयोगमा सरुवा गरिएको छ भने विनोद कान्त झा अधिकृत नवौं र उपसचिवलाई प्रदेश जनलोकपाल आयोगबाट स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पठाइएको छ ।

रमेशकुमार साह अधिकृत दशौं र उपसचिवलाई प्रदेश सहकारी रजिष्ट्रारको कार्यालयबाट मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सरुवा गरिएको छ । अशोक मेहता अधिकृत नवौं र उपसचिवलाई प्रदेश नीति तथा योजना आयोगबाट अर्थ मन्त्रालयमा र जय कुमार राउत अधिकृत दशौं र उपसचिवलाई अर्थ मन्त्रालयबाट उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय वा अन्तर्गत पठाइएको छ ।

त्यस्तै भनसुनको भरमा लामो समयदेखि जिल्ला कार्यालयका बसेकी बबिता जयसवाल अधिकृत नवौं र उपसचिवलाई पर्यटन विकास कार्यालय, गौरबाट भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा तानिएको छ। जयसवाललाई काज फिर्ता मन्त्रालयमै पदस्थापना गरिएको छ ।

ओम विक्रम कटुवाललाई अधिकृत सातौं र शाखा अधिकृतलाई गृह, सञ्चार तथा कानुन मन्त्रालयबाट उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय वा अन्तर्गत सरुवा गरिएको छ । यसरी प्रदेश सरकारले प्रशासन समूहका ११ कर्मचारीको जिम्मेवारी एकैपटक हेरफेर गरेको हो । निर्णयमा कर्मचारीको हाल कार्यरत कार्यालय, सरुवा गरिएको कार्यालय तथा पदसमेत उल्लेख गरिएको छ ।


**मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् ।**
"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!"
**सवारी साधनमा सीट बेल्ट लगाउनुहोस् ।**
"सुरक्षितमा सवारी चलाउनुहोस् - सीट बेल्ट लगाउनु होला, दुर्घटनामा ज्यान जोगाउन!"
**बर्दिवास नगरपालिका, महोत्तरी**



सधै र सबैको लागि खबर खोज्ने अभियान
**खबर दर्पण** राष्ट्रिय दैनिक
Khabar Darpan National Daily





तपाईहरु संग कुनै गजल.कविता छ भने,फोटो सहित कमेन्ट गर्नुहोस् ,तपाईको गजल. कविता भोलीको खबर दर्पण राष्ट्रिय दैनिक पत्रिकामा शनिबार प्रकाशित हुनेछ ।

नोट : कृपया अगाडि हप्ता पर्ने साथीहरू नपठाउनुहोला ।
*अनि बेलुकाको ६ बजे भित्र सम्म प्राप्त भएको गजल.कविता मात्र लिनेछौ ।
*स्कूलका छात्र.छात्रालाई विशेष प्राथमिकता दिनेछ ।



थप जानकारीको लागि
अजय कुमार साह,धर्वेन्द्र कुमार यादव"यदुवन्शी"
(९८०७६७५१२५,९८४४०२५१८४,९८५४०२९०५३,९८०७८५०५८१)



नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन बमोजीम मिति २०६७०३।१४ मा दर्ता भएको प्रा.लि.नं.७३९११ भएको र सुवा एण्ड नुवाकोट कन्स्टूक्सन (प्रा.ली.) को २०८३।०६।२० मा सम्पन्न विशेष साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय भएकाले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमका लेनदेन बाँकी बक्यौता रहेको भए यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्विडेटर कार्यालयमा हकदाबी गने सम्बन्धमा सबैको जानकारीको लागी यो सुचना जारी गरिएको छ ।

लिक्विडेटरः गंगा प्रसाद भेटवाल प्र.प.नं.४९८
कीर्तिपुर न.पा.वडा न. ०४ ,काठमान्डौ
सम्पर्क नम्वर:९८४३२४५०८२



**सार्वजनिक सेवा लिँदा ध्यान दिऔं।**

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
- नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
- आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लिऔं,
- सेवा प्राप्त गर्दा बिचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
- सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
- अनियमितता र भ्रष्टाचारबिरूद्ध उजुरी गरौं,

सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।

**मटिहानी नगरपालिका, महोत्तरी**



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,